# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## कागेश्वरी मनहरा नगरपालिका

### काठमाडौं




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## कागेश्वरी मनहरा नगरपालिका
### काठमाडौं




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## कागेश्वरी मनहरा नगरपालिका

काठमाडौं

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।०७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बाग्मती प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. १३३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
कागेश्वरी मनोहरा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
,काठमाण्डौ

**कैफियत सहितको राय**

हामीले कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिका/नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ९ करोड ८८ लाख ८९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ करोड ३४ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ६९ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु ३४ लाख ८२ हजार र पेश्की रु ५ करोड ४९ लाख ९९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १७ करोड ७३ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २७ करोड ६२ लाख ७५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ९२ | ९८८८९ | ० | ० | ० | ४० | ९२ | ९८८८९ | ३३४१० | ३४८२ | ६९९९ | ० | ० | १०४८० | ५४९९९ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कागेश्वरी मनोहरा नपा | १७७३८६ | ० | ० | १७७३८६ | ० | ९८८८९ | २७६२७५ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौँ , कागेश्वरी मनोहरा नगरपालिका , काठमाडौँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ajay Bartaula | २०७९-६-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९८,८८९,३१४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५१,२९,८२,३८४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,३६,१४,५६१ | **चालु खर्च** | ४७,४५,७९,९८५ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,८५,१९,६०८ | **पूँजीगत खर्च** | १,१५,९४,६०,९३८ |
| **राजश्व बाँडफाँट** | ६०,५२,९०,२७१ | **वितीय/अन्य व्यवस्था** | २,६०,४८,११३ |
| **आन्तरिक आय** | ३२,५३,१४,९९३ | | |
| **अन्य आय** | ५,४०,९५,१५५ | | |
| **कुल आय** | १,५३,६८,३४,५८८ | **कुल खर्च** | १,६६,००,८९,०३६ |
| **बाँकी मौज्दात** | | ३८,९७,२७,९३६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **कागेश्वरी मनोहरा नगरपालिका**<br>**लेखापरीक्षण प्रतिवेदन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td> २०७८।७९ स्थानीय नेतृत्व विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवद्धर्न गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत ९ वडा रहेको छ भने २८.८० वर्ग किलोमिटर क्षेत्रफल तथा नगरपालकाको घरधुरी जनगणना सर्वेक्षण, २०७५ अनुसार १ लाख २ हजार २३५ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय सञ्चित कोष<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । (रु. हजारमा)
<table>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="2">यस वर्ष रु.</td><td>गत वर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>प्राप्ति/भुक्तानी</td><td>प्राप्ति/भुक्तानी</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>१७०९४४०२३४</td><td>१५३६८३४५८८</td><td>१३२४४१२१७१</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>१६७४०३७४९०</td><td>१४८२७३९४३३</td><td>१२३७५३४६३४</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७५१५८८०९२</td><td>६९३५६०१५५</td><td>४९९६२३०७९</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>७०८४६३०००</td><td>६०५२९०२७१</td><td>५८२२८७०२६</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>५५०९५९०००</td><td>४८३६१४५६१</td><td>४६६२९३२२९</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>७७५०४०००</td><td>६८५१९६०८</td><td>३७५७७५८९</td></tr>
<tr><td>अन्तरिक श्रोत</td><td></td><td>५००००००००</td><td>३००००००००</td><td>२००००००००</td></tr>
<tr><td>स्थानीय तह</td><td>१२</td><td>१०००००००</td><td>०</td><td>१०००००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | जनसहभागिता | | २००००००० | २३१५६१०३ | ४८४१६२०८ | |
| | | | १४००० अन्य राजस्व | | २१२९८६३९८ | १८१८६५७८९ | १५४५८७७५५ | |
| | | | १५००० विविध प्राप्ति | | १०००००० | २०२३२१७ | १०३६७७५ | |
| | | | ख. अन्य प्राप्ति | | ३५४०२७४४ | ५४०९५१५५ | ८६८७७५३७ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | १५४३३०८ | ११३७२७०० | |
| | | | कोषहरु | | ३५४०२७४४ | १२४५०००० | ४२२०३३६१ | |
| | | | धरौटी | | ० | ४०१०१८४७ | ३३३०१४७६ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | २१५०८०४८३६ | १६६००८९०३६ | १४५३८६६९८५ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | २११५४०२०९२ | १६३४०४०९२३ | १४१९०४२२०० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २८२८३६५०० | २६०५३२४१५ | २१७०२७८५३ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २०९१४५०२२ | १५८९४६९६९ | १२१००४४९९ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | २६१२८००० | १८६१७२४४ | २९३०१५८५ | |
| | | | २६००० अनुदान | १८ | १०००००००० | १०००००००० | ५१०००००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | २८११२५०० | १७२३५२८७ | ४७२२१४७ | |
| | | | २८००० अन्य खर्च | १८ | १२३६३००० | ९२४८०७० | ४०६६८८०८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५४६८१७०७० | ११५९४६०९३८ | ९९६३०४८०९ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ४९१२५०० |
| घ. अन्य भूक्तानी | | ३५४०२७४४ | २६०४८११३ | १४५३९५९२५५ |
| कोषहरु | | ३५४०२७४४ | १३३३६८७४ | २८०६९६०४ |
| धरौटी | | ० | १२७११२३९ | ६८४७४५१ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -४४१३६४६०३ | -१२३२५४४४८ | -१२९४५४८१४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५१२९८२३८४ | ६८३५३१२७० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -४४१३६४६०३ | ३८९७२७९३५ | ५५४०७६४५५ |

- नगरपालिकाको गत वर्ष रु. बैंक तथा नगद जिम्मेवारी गत वर्ष रु. ५१,७१,७७,२४८.०० रहेकोमा यस वर्ष जिम्मेवारी सार्दा रु. ५१,२९,८२,३८३.७२ मात्र जिम्मेवारी सारेकोले रु. ४१,९४,८६४.०० घटी जिम्मेवारी सारेको सम्वन्धमा हिसाव मिलान गरी प्रमाण पेश गर्नुपर्दछ ।
- महालेखापरीक्षकको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा बैक तथा नगद बांकी रु. ४४,१३,६४,६०२.०० देखाएकोमा यस वर्षको प्राप्ति र भुक्तानी हिसावमा रु. ५१,७१,७७,२४८.०० देखाएको छ । फरक देखिएको रु. ७,५८,१२,६४६.०० का सम्वन्धमा समायोजन हिसाव मिलान गर्नु पर्दछ ।
- नगरपालिकाले सञ्चालन गरेका कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको भुक्तानी हिसावको आर्थिक विवरण अनुसार निकासा तथा खर्च देहाय अनुसार भएको विवरण पेश भएको छ ।

| क्र सं | विवरण | निकासा / खर्च |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२१२८५४८४.६२ |
| २ | गरीवसंग विश्वेश्वर कार्यक्रम | ४५५०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३ \| भौतिक पूर्वाधार मन्त्रालय \| १४२१५१८३.००<br>४ \| प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम चालु \| ९२५८३५.००<br>५ \| प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम पूजिगत \| १३५६५५३७.०० | |
| ३ | | | उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) काे सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरण, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीसँग छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार रहेका छन्ः | |
| ४ | | | **आन्तरिक नियन्त्रण पद्दती :** नगरपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ माआन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।<br>• स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्वस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।<br>• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनिबहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।<br>• पालिकाले जिन्सी सामानकोविवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।<br>• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।<br>• नगदी रसिद नियन्त्रण र निक्यौंल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।<br>• अधुरा आयोजनाको समिक्षागरी उपलव्धि मापन गरेको देखिएन । यसबाटअधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।<br>• भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी र फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तालिम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ ।कर्मचारीलाइ दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ। | |
| ४.२ | | | आम्दानी खर्च लेखाङ्कन तथा वित्तिय विवरण तयारी लगायत कार्यालयको प्रत्यक तहमा प्रयोग हुने कार्य अभिलेखिकरण गर्न महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरे अनुसारका म. ले. प. फारामहरु प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणबाट उठेका बेरुजुको अभिलेखिकरण गरी बेरुजु लगत राख्नुपर्दछ । पालिकाले केही म ले प फारमहरु राखेपनि अद्यावधिक गरेको देखिएन ।<br><br>• म. ले. प. फाराम ८०१ - बेरुजु लगत राखेको देखिएन ।<br>• म. ले. प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०३ - बेरुजुको केन्द्रिय कार्यालयगत लगत तयार गरेको पाइएन ।<br>• म. ले. प. फाराम ८०४ - बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।<br>म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवश्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ । | |
| ४.३ | | | सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्वा उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो । यसबाट नगरपालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन । पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ । प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुन्गरी सुधार गर्नु पर्दछ ।<br>• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।<br>• सफ्टवेयरम्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।<br>• फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको नकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ । | |
| ४.४ | | | म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति अवलम्बन गर्नुपर्नेमा ती पद्दतिहरुमा सुधार गर्नुपर्ने व्यहोराहरु देखिएका छन् ।<br>• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नुपर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको देखिएपनि समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।<br>• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष पूजीगत सम्पत्ति शिर्षबाट खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । सवै किसिमको मर्मतको अवश्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो अशर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । | |
| ४.५ | | | भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ । भ्रमण खर्च नियमावली, २०६४ मा कार्यलायबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागिम. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमाभ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन। साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता जस्ता खर्च एकमुष्ट रुपमा लेखि भ्रमण प्रतिबेदन संलग्न नगरी भुक्तानी गरेको छ। यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको परीक्षण गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ५ | | | **सम्पत्ति उपयोग र संरक्षण :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाकोमा विलय भएका साविक गाउँपालिकाको सम्पति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा गरेको छैन । यसैगरी साविक कार्यालयमा कोष भएका कोषको अवस्था देखिने गरी अभिलेख अद्यावधिक गरेको पाइएन ।<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको प्रमाण पेश हुन आएन ।<br>सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगका सम्वन्धमा सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्नुपर्ने, सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्नुपर्ने र था मापदण्डको पालना गरी सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी संरक्षण गर्नुपर्नेमा गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>खर्च प्रयोजन : नगरपालिकाले अनुमोदन गरेको नीति तथा कार्यक्रम र बजेटमा चालु र पूजिगत खर्चका सम्वन्धमा शिर्षकगत व्यवस्था छ । बजेट अनुसार खर्च गर्दा खर्चको प्रयोजन तथा त्यसबाट भएको उपलव्धि खुल्ने प्रमाण सँलग्न गर्नुपर्ने अभ्यास रही आएको छ । पालिकाको खर्च अवस्थाको नमुनाका आधारमा परीक्षण गर्दा देहाय अनुसारको खर्चमा खर्च प्रयोजन तथा उपलव्धि खुल्ने प्रमाण कागजात संलग्न भएको देखिएन । अधिकतम प्रतिफल सुनिश्चित हुनेगरी स्रोत व्यवस्थापन गरी अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>भौ नं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१३१३ ०७९/३/२५</td><td>मेनका होटल</td><td>नखुलेको</td><td>२१४३६०</td></tr>
<tr><td>२१२</td><td>नर्लिङ्ग होटल्स रिसोर्ट प्रा लि</td><td>नखुलेको</td><td>३३८३३३</td></tr>
<tr><td>२२९ २०७८/७/४</td><td>शिवराम थापा पेश्की फर्छ्यौट</td><td>नखुलेको</td><td>१३१९८०</td></tr>
<tr><td>९४३ २०७९/१/१६</td><td>शेजल खाजा घर</td><td>नखुलेको</td><td>१३७२४०</td></tr>
<tr><td>७३९ २०७८/१२/१</td><td>कागेश्वरी मनोहरा नगर खेलकुद विकास समिति</td><td>नखुलेको</td><td>५६०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८७७९१३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>अवण्डाबाट खर्च : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७ आषाढ २६ को नगर सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा भैपरी आउने पूजिगत लगायतका शिर्षकमा अवण्डा बजेट राखी सडक, ढुङ्गा छाप्ने, ब्लक छाप्ने, खहरे कल्भर्ट, धारा निर्माण, शौचालय निर्माण, मेट्रिक प्रणालीबाट घर नम्वर राख्ने, फलैचा निर्माण लगायतका ९८ योजनामा पटक पटकको कार्यकारी निर्णयबाट रु. १२,९४,४०,७८२.०० अवण्डा बजेट राखी खर्च गरेको देखियो । कार्यक्रममा समावेश नगरी विविध शिर्षकमा अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी सुविधाका आधारमा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ । अवण्डा बजेटबाट खर्च गरेका केही उदाहारण देहाय अनुसार छ ।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>क्रियापुत्री भवन निर्माण गर्ने कार्य</td><td>१६१२०५८</td></tr>
<tr><td>२</td><td>गागल ढुंगा फलैचा निर्माण गर्ने कार्य</td><td>४९७२८०</td></tr>
<tr><td>३</td><td>सिद्धी गणेश मा.बि. मा सेर वाल लागाउने कार्य ।</td><td>१८६८१६०</td></tr>
<tr><td>४</td><td>ढकाल गाउँमा सामुदायिक भवन निर्माण गर्ने कार्य</td><td>९६५४७९</td></tr>
<tr><td>५</td><td>पाल्पाली डाँडामा रिटेनिङ्ग वाल तथा चौतारा निर्माण गर्ने कार्य</td><td>८७३६००</td></tr>
<tr><td>६</td><td>सुवेदी गाउँ सिरान टोल पहिरो नियन्त्रण गर्ने कार्य</td><td>६५४७२०</td></tr>
<tr><td>७</td><td>चापोबोट बस्ति पह्चिम तर्फ पहिरो नियन्त्रण गर्ने कार्य</td><td>९१२४३७</td></tr>
<tr><td>८</td><td>मेट्रिक ठेगाना प्रणालीमा घर नम्बर राख्ने कार्य</td><td>५३७६००</td></tr>
<tr><td>९</td><td>थापागाउँ ढिकुरे पाटी निर्माण गर्ने कार्य</td><td>३९८१६०</td></tr>
<tr><td>१०</td><td>थापा गाउँ सामुदायिक भवन तथा सडक निर्माण गर्ने कार्य</td><td>६८२७६५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>मेट्रिक ठेगाना प्रणालीमा घर नम्बर राख्ने कार्य</td><td>२५५३६०</td></tr>
<tr><td>१२</td><td>बाल विकास मा.वि.को CLPIU द्वारा प्रस्तावित नौ कोठे भवन निर्माण</td><td>१३५७५२१</td></tr>
<tr><td>१३</td><td>कुलदेवता मन्दिर जाने भित्री बाटो ढलान गर्ने कार्य</td><td>२२५२१६०</td></tr>
<tr><td>१४</td><td>कागेश्वरी चक्रपथ सडक खण्डमा फुटपाथ तथा रेलिङ्ग निर्माण गर्ने कार्य</td><td>१३५५२९१</td></tr>
<tr><td>१५</td><td>ढकाल टोल भित्री सडक ढलान गर्ने कार्य</td><td>४१२९७३</td></tr>
<tr><td>१६</td><td>ठुला गह्रो सडक ढलान निर्माण गर्ने कार्य</td><td>७८४३२०</td></tr>
<tr><td>१७</td><td>सिमल्सी भित्री बाटो ढलान गर्ने कार्य</td><td>११७७९२०</td></tr>
<tr><td>१८</td><td>रेडक्रस भवनमा सभा हल निर्माण गर्ने कार्य</td><td>६२०१६०</td></tr>
<tr><td>१९</td><td>मेट्रिक ठेगाना प्रणालीमा घर नम्बर राख्ने कार्य</td><td>२१६०००</td></tr>
<tr><td>२०</td><td>भद्रबास भटमासे भित्री सडक वाल निर्माण गर्ने कार्य</td><td>१०४४४८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>शिविर सञ्चालन तथा औषधि वितरण : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०७८।३।१६ मा गो.भौ. नं १२१५ तथा १२१७ मा ज्येष्ठ नागरिकहरुको विशेषज्ञ सहितको स्वास्थ्य शिविरसंचालन गर्नका लागि औषधि तथा उपकरण खरिद गरी शुभकामना मेडिसिन डिष्ट्रिब्युटर्स प्रालि तथा नवभवानी मेडिसेल्स प्रा.लि लाई क्रमशः रु. ४८३१३७.०० तथा रु. १३१५३२.०० भुक्तानी भएको पाइयो । शिविर संचालन साथै उपलब्ध भएका औषधीको प्रयोगको प्रमाण पेश नभएकोले शिविर सञ्चालनका सम्बन्धमा आश्वस्त हुन सकिएन । अतः खर्चको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>८.१</td><td>नवभवानी मेडिसेल्स प्रा लि</td><td>१,३१,५३२</td></tr>
</table>
</td><td>६१४,६६९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>८.२</td><td>शुभकामना मेडिसिन डिस्ट्रिब्युट्र्स</td><td>४,८३,१३७</td></tr></table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>वितरण भरपाई : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजातअनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ भन्ने व्यवस्था छ। पालिकाको मिति २०७९/३/१९, गो भौ नं १२४९ मा ज्येष्ठ नागरिक अवलोकन भ्रमण तथासम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकलाई वितरण प्रयोजनका लागि हर्लिक्स, डाईजेस्टिभ विस्कुट तथा दोसल्ला खरिद गरी आई एल स्टोरलाई रु. २,४८,६७५.०० भुक्तानी गरी खर्च लेखांकन गरेकोमा सो सामान वितरण को भरपाई संलग्न नरहेकोले खर्चको प्रमाण पेश गर्नुपर्ने रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>९.१</td><td>आइ एल स्टोर</td><td>२,४८,६७५</td></tr></table></td><td>२४८,६७५</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>तलवी प्रतिवेदन : निजमती सेवा ऐन, २०४९ मा तलब र ग्रेड भुक्तानी दिँदा पारीत ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प.शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस आ.व.मा चालुतर्फबाट तलब भुक्तानीमा रु. ३,९५,६१,५५६.५९ खर्च भएकोमा तलबी प्रतिवेदन पारित गरेको देखिएन । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको नियमित देखिएन । समयमा तलवी प्रतिवेदन पारित गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कल्याण कोष :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कोषमा गत आ.व. सम्ममा रु. ५०,००,०००.०० मौज्दात रहेकोमा यस वर्ष वित्तिय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५०,००,०००.०० ट्रान्सफर गरी रु. १,००,००,०००.०० मौज्दात कायम गरेको छ । ऐनको दफा ९१(५) ले कोष सञ्चालन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने उल्लेख गरेकोमा कार्यविधि निर्माण गर्ने चरणमा रहेको पालिकाले जनाएको छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा जिम्मेवार व्यक्तिले बर्षमा एक पटक जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गर्न लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष जिन्सी निरिक्षण गराई प्रतिवेदन तयार गरेको छैन । यसबाट जिन्सीको वास्तविक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अवस्था यकिन हुन आएन । नियमावलीले निर्धारण गरे अनुसार जिन्सी निरिक्षण गराई सुधार गर्दै जानुपर्ने देखिन्छ । जन्सी व्यवस्थापनका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।<br>• जिन्सी व्यवस्थापन गर्ने क्रममा प्राप्तभएका सम्पत्तिको यथार्थ लगत राखि सहायक खाता समेत तयार गरी चुस्त दुरुस्त राख्नुपर्ने मा राखेको देखिएन ।<br>• सहायक खाता खडा गरी खर्च भएर नजाने जिन्सी सामान शाखागत, व्यतिगत तथा पदाधिकारी तथा कर्मचारीले बुझिलिएको, सरुवा वा रवाना भई जाँदा सम्वन्धित शाखा तथा भण्डार शाखामा बुझाएको विवरण तयार गरी रुजु गरि फिर्ता अभिलेख यथार्थ गरेको पाइएन। उदाहरणका लागि दाखिला भएका खर्च भएर नजाने सामान मध्ये ल्यापटपको भौतिक परिक्षण गर्दा न. पा. स्टोर शाखामा विभिन्न मितिमा जामा २५० सामान दाखिला भएको तर किनिएको सामान जम्मा २५२ देखिन्छ, त्यसमध्ये २४१ वटा कार्यालयका शाखागत, व्यतिगत कर्मचारी तथा पदाधिकारीको नाम मा सहायक खातामा देखाइएको छ तर अधिकांशको भर्पाइ संलग्न गरेको छैन । बाँकि रहेका मध्ये १३ वटा स्टोरमै मौज्दात रहेको देखियो र बाँकि ५ वटा ल्यापटपको अवस्था बारे एकिन हुन सकेन भनि आन्तरिक लेखापरीक्षणले प्रतिवेदन गरेकोमा लेखापरीक्षण अवधिसम्म सुधार भएको छैन । यसबाट जिन्सीको आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो देखिन आएन ।<br>• हस्तान्तरण भै गएका कतिपय जिन्सी सामान वडाको जिन्सी खातामा दाखिला भएको नपाइएकोले जिन्सीको यथार्थ अवस्था एकिन गर्न सकिएन ( न.पा.मा वडा हस्तान्तरण देखाइएको तर वडामा सामान नभएको + दाखिला पनि नभएको )।<br>• सरकारी सम्पत्ति व्यवस्थापन प्रभावकारी बनाउन यसको सुरक्षा र सम्रक्षणको लागि अनलाइनमा आधारित पाम्स प्रणालिमा अनिवार्य रुपमा जाने व्यवस्था गर्नु पर्ने व्यवस्था रहेपनि हाल सम्म उक्त प्रणाली अवलम्वन गरेको देखिएन ।<br>• त्यस्तै स्वास्थ्य शाखा एवं नगरपालिकाको छुट्टाछुटै स्टोर दाखिला हुने गरेकोमा अन्य वडा वा स्वास्थ्य संस्थामा सामान लैजादा हस्तान्तरण फारम अनिवार्य भरि सम्बन्धित संस्थाले बुझी दाखिला जनाएको प्रमाण राख्ने गरेको देखिएन ।<br>• नगरपालिका स्वास्थ्य शाखा अन्तर्गतको कोल्ड चेन एशेसरिज र सिरिन्ज अन्तर्गतका विभन्न सामान निरिक्षण गर्दा रजिष्टरमा स्टक देखिएपनि भण्डारमा न्युन मात्रामा मात्र सामान मौज्दात देखाएको छ । यस्ता सामान अन्य स्वाथ्य संस्थामा गैसकेको तर हस्तान्तरण गरि घटाउन मात्र छुट हुन गएको भन्ने स्वास्थ्य शाखाको प्रतिकृया रहेको छ । | |
| १३ | | | **महंगी भत्ता :** स्थानीय तहका कर्मचारी सेवा सर्त तथा सुविधा सम्बन्धी कानुन निर्माण गरेर मात्र कर्मचारीको सेवा सुविधा दिन पाइने व्यवस्था रहेको छ। नगरपालिका र स्वास्थ्य शाखाका करार कर्मचारीलाई मासिक रुपमा १२ महिनाको महंगी भत्ता रु. २५,५५,२०८.०० भुक्तानी दिएको देखियो । कानुनले स्पष्ट व्यवस्था नगरेको क्षेत्रमा खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो खर्च कानुन द्वारा व्यवस्थित गर्नुपर्ने देखिन्छ । साथै संघीय सशर्त अनुदानबाट खर्च गरेको विषयमा नेपाल सरकारको तोकिको कार्यविधि अपनाई खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **शिक्षा तर्फका व्यहोरा :** शिक्षा तर्फको उपलव्ध विवरणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| १४.१ | | | नगरपालिका शिक्षकको तलब भत्ता निकासा गर्नुपूर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरु एकिन गरि तलब भत्ता निकासा गर्नु पर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजु गरी विधालयगत निकासा लेजर तयार गरी निकास लेजर राखेको छैन । नगरपालिकाले दरबन्दी विवरण कार्यरत शिक्षक विवरण सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नु पर्दछ । | |
| १४.२ | | | शिक्षा नियमावली, २०५९ मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भइ आएका शिक्षकलाइ नियुत्त गर्ने सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरि राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले नियमावलीमा व्यवस्था भए बमोजिमको विद्यालयगत दरबन्दी, काज आएका काजमा गएका तथा सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेकातथा नयाँ नियुक्ति भएका शिक्षक सम्बन्धी विवरण आदिको व्यवस्थित अभिलेख राखेको पाइएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेख अध्यावधिक नगरेको, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेकोजस्ता कारण दोहोरो निकासा हुन सक्ने साथै दरवन्दी भन्दा बढी शिक्षकको तलब निकासा हुन सक्ने देखियो । नियमावलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यवस्थापनमा गर्नुपर्ने देखिन्छ । | |
| १४.३ | | | नगरपालिका मातहतका विद्यालयले समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।नगरपालिका अन्तर्गत १९ सामुदायिक विद्यालयहरु रहेकोमा आ.ब.२०७८।७९ को लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकासा र अनुदान समेत समावेस गरी विधालयले वित्तिय विवरण तयार गरे नगरेको एकिन गर्नु पर्दछ । | |
| १५ | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फर्छ्यौट गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार म्याद नाघेको पेश्की देहाय अनुसार रहेको छ । म्याद ननाघेको पेश्की व्यवस्थापन गरी म्याद नाघेको पेश्कि फर्छ्यौट गर्नु पर्दछ ।<br>सि.नं. / शीर्षक / पेश्की बाँकी<br>१ / वर्ल्डवाइड-सुशन जे.भी. / ५१६४०००<br>२ / आर.एण्ड सि.एस बिल्डर्स प्रा.लि. / २५००००<br>३ / एस.आर.बिल्डर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि / २०९००० | ५४,९९८,७२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ४ | कविन्द्र- कृश- गौरी गणेश जे.भी. | ७९५०००० | |
| | | | ५ | गिर्वाण कन्स्ट्रक्सन प्रा.लि. | ७२३००० | |
| | | | ६ | गौरी गणेश - कृष जे.भि. | ६२१००० | |
| | | | ७ | गौरी गणेश । महर्जन जे।भी | ६०००००० | |
| | | | ८ | ज्ञानज्योति/पि.वि.एस.टि.-जे.भी. | १७६०००० | |
| | | | ९ | जि.एन.आर. विल्डर्स प्रा.लि. | ३३०२०० | |
| | | | १० | टाइगर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६४८००० | |
| | | | ११ | डि.ए. जे.भि. | २०६९००० | |
| | | | १२ | त्रैलोक्य बिल्डर्स एण्ड कन्सल्टेन्टस् प्रा लि | ४०१००० | |
| | | | १३ | थापा - ओम निलकण्ठेश्वर जे. भी. | ८७३००० | |
| | | | १४ | धर्म एस निर्माण सेवा प्रा.लि. | ४०००००० | |
| | | | १५ | पि आर ।ओम बुद्ध जे.भी | ७३३१००० | |
| | | | १६ | पि.आर. । महर्जन निर्माण सेवा जे.भी. | १५९८५०० | |
| | | | १७ | वर्ल्ड वाइड - सुसन जे भी | ४९६७०२२ | |
| | | | १८ | वर्ल्ड वाइड- सुसन - लर्ड बुद्ध जे.भी | १७७५००० | |
| | | | १९ | शुभकामना निर्माण सेवा प्रा. लि. | ५६०००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>सुर्यचन्द्र कन्स्ट्रक्सन कम्पनी प्रा.लि.</td><td>२९८१०००</td></tr>
<tr><td>२१</td><td>साप । कालिका जे.भी.</td><td>४७८८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४९९८७२२</td></tr>
</table>
पालिकाको सुत्र प्रणालीबाट लिएको विवरणका आधारमा पेश्की बाँकी कायम गरेकोमा पालिका स्थापनाकाल देखिका पेश्की लिने र फर्छ्यौट गर्नेको विवरण अद्यावधिक गरेको सम्वन्धमा यकिन विवरण नभएकोले स्थापना कालदेखिका पेश्की व्यहोरा समावेश गरी बाँकी कायम गरेको सम्वन्धमा यकिन भएन । वास्तविकता यकिन गरी पेश्की हिसाव यथार्थ बनाउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
खानेपानी योजना : नगरपालिकाको नगर सभावाट पारीत भएको नीति तथा कार्यक्रममा समावेश भए अनुसार आ ब ०७८।७९ मा गत वर्ष देखि जिम्मेवारी सरेर आएको र यस आ ब मा थप समेत खानेपानी सम्वन्धि देहायका योजना सञ्चालनमा रहेको पाइयो । विवरण अनुसार खानेपानी सम्वन्धि रु. ३७,९०,९०,०३७.०० का १३ योजना मध्ये रु. २१,७८,३२,८३४.०० का ८४ प्रतिशतले हुने ११ योजना एकै क्षेत्र र एकै कार्यमा रहेको पाइयो । काँडाघारी खानेपानी योजनामा आ.ब. ०७४।७५ देखिनै योजना सञ्चालन गरी क्रमश प्रत्येक वर्ष फरक फरक कार्यका योजना थप गर्दै कार्य गराएको पाइयो । गत वर्षहरु देखि निर्माण कार्यको जिम्मेवारी सर्दै आएकोमा सम्वन्धित योजना निर्धारीत समयमा सम्पन्न हुने यकिन छैन । लागत अनुमानको तुलनामा १० देखि ६६ प्रतिशत सम्म घटिमा कार्य गर्ने गरी सम्झौता गरेको योजना निर्धारीत समयमा तोकिएको गुणस्तरमा सम्पन्न भई उदेश्य अनुरुप दीगो रुपमा खानेपानी वितरण हुने सुनिश्चित हुनेगरी रेखदेख, मर्मत संभार र वितरण संयन्त्र तयार गरेको देखिएन । साल वसाली रुपमा एकै क्षेत्रमा एकै प्रकृतिको कार्यमा योजना थप गर्दै गएकोमा योजनाका लागि आउदा वर्षमा पर्ने दायित्व बेहोर्ने श्रोत यकिन गरेको छैन । योजना सम्पन्न गर्न आवश्यक पर्ने श्रोत सुनिश्चित नगरी योजना थप गर्दै जाँदा प्रत्येक वर्ष भुक्तानी गर्नुपर्ने दायित्व थप हुदै जाने तर श्रोत सुनिश्चित नहुने अवस्था देखिएकोले सम्झौता अनुसारको निर्माणकार्य सम्पन्न गराई भुक्तानी फरफारक भएपछि मात्र थप कार्य व्यवस्थापन गर्न उपयुक्त हुने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको विवरण</th><th>ठेक्का नं.</th><th>बोलपत्रदाताको नाम र ठेगाना</th><th>लागत अनुमान</th><th>सम्झौता</th><th>घटी प्रतिशत</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>काँडाघारी खानेपानी आयोजनाको ओभरहेड र</td><td>W/NCB/04/2074-075</td><td>श्री बाबुरत्न कन्स्ट्रक्सन</td><td>३८२२३१८३</td><td>३४३२४००५</td><td>१०</td><td>३२१९५६९८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्डरग्राउण्ड ट्याङ्की निर्माण | | | | | | |
| २ | काँडाघारी खानेपानी आयोजना अन्तर्गत ७ वटा ब्लकमध्ये गान्धी विरेन्द्रचोक फोर्सपार्क सडक खण्डको उत्तरतर्फ रहेको ३ वटा ब्लकमा खानेपानी वितरणको लागि आवश्यक पर्ने एच.डि.पि. पाइप खरिद | G/NCB/18/ 2076 - 077 | श्री विशाल प्लाष्टोक्याब इन्डष्ट्रिज प्रा.लि. | ११५४७४४६ | ११२८९३८४ | २ | ११२८९३८४ |
| ३ | काँडाघारी खानेपानी आयोजना अन्तर्गत ७ वटा ब्लकमध्ये गान्धी विरेन्द्रचोक फोर्सपार्क सडक खण्डको उत्तरतर्फ रहेको ३ वटा ब्लकमा खानेपानी वितरणको लागि आवश्यक पर्ने डि. आई. पाइप खरिद | G/NCB/19/ 2076 - 077 | श्री सगरमाथा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | १५४७७६१० | १२४५९९९६ | १९ | १२४५९९९६ |
| ४ | काँडाघारी खानेपानी आयोजना अन्तर्गत ७ वटा ब्लकमध्ये गान्धी | G/NCB/20/ 2076 - 077 | श्री चन्द्रकिरण ट्रेडिङ्ग कन्सर्न | १८२६२०८९ | १५२४७५८९ | १७ | १५२४७५८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विरेन्द्रचोक फोर्सपार्क सडक खण्डको उत्तरतर्फ रहेको ३ वटा ब्लकमा खानेपानी वितरणको लागि आवश्यक पर्ने एच.डि.पि. पाइप र डि.आई. पाइपको लागि आवश्यक पर्ने फिटिङ्गसहरु सप्लाई | | | | | | | |
| | | | ५ | काँडाघारी खानेपानी आयोजना अन्तर्गत ७ वटा ब्लकमध्ये गान्धी विरेन्द्रचोक फोर्सपार्क सडक खण्डको उत्तरतर्फ रहेको ३ वटा ब्लकमा खानेपानी वितरणको लागि एच.डि.पि. र डि. आई. पाइप बिछ्याउन माटो खन्ने र पुर्ने कार्य | W/NCB/21/2076 - 077 | श्री लोपूर्ण कन्स्ट्रक्सन प्रा.लि. | १२०७१९८२ | ८११०७७१ | ३३ | ८००६४७८ | |
| | | | ६ | काँडाघारी खानेपानी आयोजनाबाट खानेपानी वितरणको लागि आवश्यक पर्ने एच.डि.पि. पाइप खरिद गरी निर्माण | G/NCB/06/2077 - 078 | श्री गोदावरी प्लाष्टोक्राफ्ट इन्डष्ट्रिज | १२६८३१५० | ९२२६२९१ | २७ | ९२२५७७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थलसम्म ढुवानी गर्ने कार्य | | | | | | |
| ७ | काँडाघारी खानेपानी आयोजनाबाट खानेपानी वितरणको लागि आवश्यक पर्ने एच.डि.पि. पाइप र डि.आई. पाइपको लागि आवश्यक पर्ने फिटिङ्गसहरु खरिद गरी निर्माण स्थलसम्म ढुवानी | G/NCB/07/2077 - 078 | श्री बायुदुत ट्रेड एण्ड सप्लायर्स, सामाखुशी, काठमाडौं | ८४६३७८० | ६४६४०८१ | २४ | ६४६४०८१ |
| ८ | काँडाघारी खानेपानी आयोजनाबाट खानेपानी वितरणको लागि एच.डि.पि. र डि. आई. पाइप बिछ्याउन माटो खन्ने र पुर्ने कार्य | W/NCB/08/2077 - 078 | श्री किसान - सुसन जे.भि | १८३५९४६६ | ६२८८५८० | ६६ | ५३५७११३ |
| ९ | काँडाघारी खानेपानी आयोजना अन्तर्गत खानेपानी वितरणको लागि डिप बोरिङ्ग गर्ने | W/NCB/09/2077 - 078 | श्री सनराइज ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ४९६६८२६ | ३४५६१०५ | ३० | ३३५५४०१ |
| १० | काँडाघारी खानेपानी आयोजनाबाट खानेपानी वितरणको लागि | G/NCB/02/ 2078 - 079 | चन्द्रकिरण ट्रेडिङ्ग कन्सर्न | ४२१९८१५१ | २००००३७८ | ५३ | १६०२६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आवश्यक पर्ने एच.डि.पि. पाइप र डि.आई. पाइपको लागि आवश्यक पर्ने फिटिङ्गसहरु खरिद गरी निर्माण स्थलसम्म ढुवानी गर्ने | | | | | | |
| ११ | लेइङ्ग एण्ड ज्वाइनिङ्ग अफ एचिडपिई पाइप फर वडा नं ९ | W/NCB/14/2078-079 | श्री कबिन्द्र - कृश - गौरी गणेश जे.भि. | १७७६६६२९८ | ९०९६५६५३ | ४९ | ७९५०००० |
| | जम्मा | | | ३५९९१९९८२ | २१७८३२८३४ | | १२७५७७५१९ |
| १२ | आलापोट खानेपानी आयोजनाको लागि RCC Reservoir ट्याकी निर्माण कार्य | W/NCB/19/2078 -079 | श्री पर्वत निर्माण सेवा, पर्वत | १४४१२०१२ | ८९२८३४४ | ३८ | |
| १३ | सनसिटी क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको लागि RCC Reservoir ट्याङ्की निर्माण गर्ने कार्य | W/NCB /20/2077 -078 | श्री एस.एम. बिल्डर्स - सि.के. कन्स्ट्रक्सन जे.भि., बालुवाटार, काठमाडौं | ४७५८०४३ | ३२९१०७४ | ३१ | |
| | जम्मा | | | १९१७००५५ | १२२१९४१८ | | |

खानेपानी योजनाको सिभिल कार्य र पाइप तथा फिटिङ्गसका फरक फरक ठेक्का गरी कार्य गराएको पाइयो । छुट्टै सम्झौताबाट खरिद गरेका पाइप तथा फिटिङ्गस फरक निर्माण व्यवसायी मार्फत खन्ने तथा पुर्ने गरी कार्य गराएकोमा निर्धारित गुणस्तरको पाइप तथा फिटिङ्ग प्राप्त गरी

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्वन्धित योजनामा हस्तान्तरण गरेको साथै हस्तान्तरित पाइप तथा फिटिङ्ग मध्ये सम्वन्धित योजनामा खर्च भएको र खर्च हुन बाँकी रहेको देखिने गरी नापी तथा मौज्दात अभिलेख अद्यावधिक गरेको प्रमाण पेश हुन आएन । खरिद भएको पाइप तथा फिटिङ्ग निर्धारित योजनामा जडान भएको यकिन हुनुपर्दछ ।<br>योजनाको लागि शुरु वर्षमा लागेका खन्ने तथा पुर्ने सम्वन्धि ठेक्काको कार्य सम्पन्न भएपनि पछिल्ला योजनामा नापी गर्ने कार्य बाँकी रहेको देखिन्छ । पाइप तथा फिटिङ्गस तर्फका ठेक्का मार्फत खरिद गरेका समाग्री सम्वन्धित योजनामा हस्तान्तरण गरेको जनाएपनि पूर्ण रुपमा जडान कार्य सम्पन्न भएको देखिएन । पाइपलाइन विच्छयाउने ठेक्का सम्झौता भई कार्य चरणमा रहेको र यस खानेपानी सम्वन्धि कार्यमा सम्झौता गरी विज्ञको समेत परामर्श लिएको पालिकाको प्रतिकृया छ ।<br>ठेक्का नं १४।०७८।७९ को काडाघारी योजनामा खानेपानी पाइप लाइन विस्तार गर्ने रु. ९,०९,६५,६५३.०० को कार्यको ठेक्का फाइल अध्ययन गर्दा निर्माण क्षेत्रको सडक संग जमिन जोडिएको जग्गा धनिबाट एकतर्फी रुपमा सडकको एक साइडबाट मात्र बाटो बढाई मर्का पारेको भनि दिएको उजुरी साथै निर्माण कार्य गर्दा निश्केको माटो टोलका बाटोहरुमा थुपारी राखेका कारण अकस्मिक कार्यमा समस्या परेकोले तुरुन्त हटाइदिन गरेको निवेदन जस्ता गुनाशो समयमा सुनुवाई गरेको देखिन आएन । यस्तो अवस्थाले निर्माणका चरमा कार्य स्थल तथा कार्य पद्दतिका सम्वन्धमा विवाद भई समस्या उत्पन्न हुने देखिएकोले विवादको समाधान गरी निर्माण स्थल यकिन भएपछि मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| १७ | | | **सामाग्री खरिद :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आहवान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्रको माध्यमबाट छनौट भएका आपूर्तिकर्ताबाट देहाय अनुसारका सामाग्री खरिद गरेको देखियो । वडा नं ५ र ६ मा खुल्ला व्यायामशाला निर्माणका लागि आउटडोर फिटनेश इक्युपमेण्ट, स्वास्थ्य चौकी नगर अस्पताल र नगरपालिका भवनका लागि जेनेरेटर, मूलपानी नगर अस्पतालमा भेन्टिलेटर सहितको आईसियु सेवा सञ्चालनका लागि उपकरण, नगरपालिका अन्तर्गतका विद्यालयमा अध्यापनरत शिक्षकहरुको लागि ल्यापटप, नगरपालिकाको लागि प्याड ट्यावलेट, मूलपानी नगर अस्पतालमा अक्सिजन उत्पादन गर्ने प्लान्ट (Oxygen Generation Plant) तथा पाइप लाईन जडान, काँडाघारी खानेपानी आयोजनामा खानेपानी वितरणका लागि आवश्यक एच.डि.पि. पाइप र डि.आई. पाइपको फिटिङ्गस खरिद गरेको विवरणबाट देखिन्छ । आउटडोर फिटनेश इक्युपमेण्ट जडान गरेको प्रमाण संलग्न गरेपनि संरक्षण, रेखदेख र मर्मत संभार व्यवस्थापनको भर्पर्दो पद्दती तयार गरेको प्रमाण पेश हुन आएन । नगर अस्पतालमा भेन्टिलेटर सहितको आईसियु सेवा सञ्चालनका लागि उपकरण खरिद गरेकोमा सामान आम्दानी जनाएपनि उपकरण स्थापना गर्न भवन निर्माण भई नसकेको तथा खरिद गरेको अक्शिजन जेनेरेशन प्लान्ट समेत जडान भई नसकेकोले आईसियु सेवा सञ्चालन उपकरण प्रयोग विहिन अवस्थामा रहेको देखियो । नगरपालिका अन्तर्गतका विद्यालयमा अध्यापनरत शिक्षकहरुको लागि ल्यापट खरिद गरेकोमा उदेश्य अनुसार प्रयोग भएको यकिन भएन । सथै काँडाघारी खानेपानी आयोजना खानेपानी वितरणका लागि आवश्यक एच.डि.पि. पाइप र डि.आई. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाइपको फिटिङ्गस सम्वन्धित योजनामा हस्तान्तरण भई जडा गरेको नापी सहितको प्रमाण पेश हुन आएको छैन । खरिद गरेका समाग्रीको लक्षित समयमानै उचित तथा प्रभाकारी उपयोग भएको निश्चित गर्नु पर्दछ । | |

| क्र सं | सामाग्रीको विवरण | ठेक्का नं. | आपूर्तिकर्ता | लागत अनुमान | सम्झौत भुक्तान |
|---|---|---|---|---|---|
| १ | वडा नं. ५ मा खुल्ला स्थानमा व्यायामशाला स्थापना गर्न आवश्यक पर्ने Out Door Fitness Equipment खरिद तथा जडान | G/27/2076-077 | श्री मोमेन्टम बिजनेश कन्सोलिडेट प्रा.लि., कालिकास्थान | १४१७५८५ | १३९५५ |
| २ | वडा नं. ६ मा खुल्ला स्थानमा व्यायामशाला स्थापना गर्न आवश्यक पर्ने Out Door Fitness Equipment खरिद तथा जडान | G/28/2076-077 | श्री मोमेन्टम बिजनेश कन्सोलिडेट प्रा.लि., कालिकास्थान | १४१७५८५ | १३९५५ |
| ३ | आलापोट स्वास्थ्य चौकीको लागि आवश्यक ५ केभिए को जेनेरेटर खरिद | G/SQ/21/2077 - 078 | श्री इलिमेक इन्टरनेशनल प्रा.लि., काठमाडौं | ३६५००० | ३५९३४ |
| ४ | नगरपालिका कार्यालयको लागि आवश्यक पर्ने २५ केभिए को जेनेरेटर खरिद | G/SQ/22/2077 - 078 | श्री इलिमेक इन्टरनेशनल प्रा.लि., काठमाडौं | १०६९००० | १०४९७ |
| ५ | मूलपानी नगर अस्पतालको लागि आवश्यक पर्ने ६२.५ केभिए को जेनेरेटर खरिद | G/SQ/23/2077 - 078 | श्री इलिमेक इन्टरनेशनल प्रा.लि., काठमाडौं | १५४१००० | १५१७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | मूलपानी नगर अस्पतालमा भेन्टिलेटर सहितको आईसियु सेवा सञ्चालनका लागि उपकरण खरिद गरी जडान | G/NCB/31/ 2077 - 078 | श्री मिलन ट्रेड हाउस, ललितपुर | १०३१६९०० | ९३७६७४० | ९ | |
| ७ | नगरपालिका अन्तर्गतका विद्यालयमा अध्यापनरत शिक्षकहरुको लागि ल्यापटप खरिद | G/NCB/ 13/2078 - 079 | श्री मर्कन्टाइल अफिस सिस्टम प्रा.लि., दरबारमार्ग | २२१२६००० | १७६८३३०० | २० | |
| ८ | नगरपालिकाको लागि प्याड ट्यावलेट खरिद | G/SQ/17/2078-079 | & | ६२७१८६ | ६१५३९८ | २ | |
| ९ | मूलपानी नगर अस्पतालमा अक्सिजन उत्पादन गर्ने प्लान्ट (Oxygen Generation Plant) तथा पाइप लाईन जडान | G/NCB/32/ 2077 - 078 | श्री टेक्निकल एसोसियट्स सर्भिसेज | २१५३९९४७ | १६९७५४५७ | २१ | |
| १० | काँडाघारी खानेपानी आयोजना खानेपानी वितरणका लागि आवश्यक एच.डि.पि. पाइप र डि.आई. पाइपको फिटिङ्गस खरिद तथा ढुवानी | G/NCB/02/ 2078 - 079 | चन्द्रकिरण ट्रेडिङ्ग कन्सर्न, सामाखुशी | ४०७३५६०३ | १८९३९३७० | ५४ | |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **सडक निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३६ देखि ५५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । नगरपालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमानै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा नगरपालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणीत गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । | |

| सि.नं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | भद्रेश्वर महादेव मन्दिर देखि दुरसंचार कार्यालयसम्म सडक निर्माण कार्य | W/NCB/37/ 2076 - 077 | श्री शिवशक्ति - सुपरियर - मालिका जे.भि., महेन्द्रनगर | ५५६४५६३१ | ३२२८४९९० | ४२ |
| २ | तेजविनायक गेट देखि निलबाराही मन्दिर जाने सडक निर्माण कार्य | W/NCB/39/ 2076 - 077 | श्री पि.आर. - महर्जन निर्माण सेवा जे.भि. मानभवन | २४९०४११६ | १४३४०४३१ | ४२ |
| ३ | लाहुरेचोक देखि काँडाघारी प्रहरी चौकीसम्म सडक निर्माण कार्य | W/NCB/41/ 2076 - 077 | श्री पि.आर. - महर्जन निर्माण सेवा जे.भि. मानभवन | ३५३१९८८१ | २१९०१३१३ | ३८ |
| ४ | काभ्रे पुवाँरगाउँ सडक निर्माण कार्य | W/NCB/46/2076 – 077 | श्री शुभकामना निर्माण सेवा प्रा.लि., कुसुन्ती | ३७८३९९३७ | २१२२५५९६ | ४४ |
| ५ | आलापोट हेल्थ पोष्ट देखि सुर्यमण्डलीसम्म सडक निर्माण कार्य | W/NCB/49/2076 – 077 | श्री थापा - ओम निलकण्ठेश्वर जे.भि., तिनकुने | ३८६१७१७५ | १९८०९५८८ | ४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | कृष्ण मन्दिर - सिमल्सी - झाँगाडोल सडक निर्माण कार्य | W/NCB/50/2076 – 077 | श्री गौरी गणेश - कृश जे.भि., शान्तिनगर | २९३०५३९२ | १९६८९८१७ | ३३ | | |
| | | | ७ | एकता नगर कान्तिपुर क्याम्पस सडक निर्माण कार्य | W/NCB/52/2076 – 077 | श्री ज्ञानज्योति - पि.बि.एस.टी. जे.भि., जोरपाटी | ३४०१४८७६ | १९९८७६९३ | ४१ | | |
| | | | ८ | ईचोट मार्ग सडक निर्माण कार्य | EM/W/NCB/55/2076 – 077 | श्री ज्ञानज्योति - पि.बि.एस.टी. जे.भि., जोरपाटी | ३६२९२५०६ | २१६३८०१६ | ४० | | |
| | | | ९ | सुन्दरीचोक दिर्घायु टोल सडक निर्माण कार्य | W/NCB/57/2076 - 077 | श्री ज्ञानज्योति - पि.बि.एस.टी. जे.भि., जोरपाटी | २७९१४३२६ | १८०७७६८६ | ३५ | | |
| | | | १० | सुवेदीगाउँ - बगर लाकिला सडक निर्माण कार्य | W/NCB/01/2077 – 078 | श्री आर. एण्ड सि. एस. बिल्डर्स प्रा.लि., जोरपाटी | ३१२६७२३६ | १४२२५२५३ | ५५ | | |
| | | | ११ | यस नगरपालिका वडा नं. ७ अन्तर्गत पर्ने गिता मन्दिर सडक निर्माण कार्य र वडा नं. ९ अन्तर्गत पर्ने कलमथली शान्तिमार्ग सडक कालोपत्रे गर्ने कार्य | W/NCB/19/2077 - 078 | श्री त्रैलोक्य बिल्डर्स एण्ड कन्सल्ट्यान्ट्स, महालक्ष्मी-५, | ७६५२३७२ | ४५९०४१७ | ४० | | |
| | | | १२ | ढकालगाउँ-सान्टारी सडक, कागेश्वरी धाम सडक र सुवेदीगाउँ-शंखरापुर सिमाना सम्मको सडक निर्माण कार्य | W/NCB/27/2077-078 | श्री पि.आर. - ओम बुद्ध जे.भि., बसुन्धरा | ९९५६७७२९ | ५६७७९४४२ | ४३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | पाताली-लाकिला-साखिनटार-शंखरापुर सिमाना सम्मको सडक निर्माण कार्य | W/NCB/28/2077-078 | श्री पि.आर. - ओम बुद्ध जे.भि., बसुन्धरा | ८००६०६३८ | ४५१६९१५३ | ४४ |
| १४ | चिप्ले गौंडा हेल्थपोष्ट सडक थामाथली सडक आनन्दनगर मार्ग र ग्याडर सडक निर्माण कार्य | W/NCB/29/2077-078 | श्री बाइसधारा - बालाजु जे.भि., काठमाडौं | ४८७६३७६२ | ३१४३०८३० | ३६ |
| १५ | भित्री सडकहरु निर्माण तथा प्रिमिक्स ओभरलेइंग गर्ने कार्य | W/NCB/30/2077-078 | श्री वर्ल्ड वाइड - सुसन - लर्ड बुद्ध जे.भि., ललितपुर | ६६९७३६८७ | ४०८९१९२९ | ३९ |
| १६ | सुन्दरीजल जाने सडक र पार्क-हेल्थपोष्ट सडक निर्माण कार्य | W/NCB/34/2077-078 | श्री सुसन - किसान - यु.एस.जी. जे.भि., काठमाडौं | २७०३६४३२ | १६४४८४६९ | ३९ |
| १७ | त्रिवेणीचोक-थापाडाँडा-कृष्णचौर सडक र पिपलबोट-चाँपटारी-सिमल्सी सडक निर्माण कार्य | W/NCB/35/2077-078 | श्री सुसन - किसान - यु.एस.जी. जे.भि., काठमाडौं | ३२४३१७८३ | २०३८४६९१ | ३७ |
| १८ | थली सिंखडागाउँ र राधाकृष्ण नगर सडक निर्माण कार्य | W/NCB/37/2077-078 | श्री पि.आर. - विनायक जे.भि., सुकुलढोका | ७८४११५३१ | ५२७५५५३० | ३३ |
| १९ | डुमादेवी मार्ग मनकामना मन्दिर देखि झुल सडक बाबाचोक फुटसल सडक सृजना टोल खहरे सडक गा.वि.स. धारा पेप्सी ब्रम्हखेल सडक निर्माण कार्य | W/NCB/38/2077-078 | श्री वर्ल्ड वाइड - सुसन जे.भि., ललितपुर | ९४१९३१७० | ५५५६०९०३ | ४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **भवन निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ मा खरिद सम्झौताको शर्त सम्वन्धि व्यवस्था छ । सार्वजनिक निकायले बोलपत्रको माध्यमबाट छनौट भएको आपूर्तिकर्ता र निर्माण व्यवसायीबाट खरिद सम्झौताको अधिनमा रही खरिद गर्ने व्यवस्था छ । पालिकाले भवन निर्माण तर्फ यस वर्गष र गत विगत सम्झौता भई जिम्मेवारी सरी आएका मध्ये देहायका कार्यहरु गराई भुक्तानी गरेको विवरण पेश गरेको छ । सम्झौता पछिका वर्षमा दायित्व सर्दै जाने पद्दती नियन्त्रण गर्न शुरु सम्झौता अवधि भित्र गुणस्तरीय रुपमा निर्माण सम्पन्न गरी रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गर्नु पर्दछ । | |

| सि.नं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | सम्झौता |
|---|---|---|---|---|
| १ | आदर्श मा वि भवन वडा ३ | W/NCB/24/ 2076 - 077 | टाइगर कन्श्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | ९८५५०३५.६१ |
| २ | शहिद आदर्श क्याम्पस भवन | W/NCB/02/2077 – 078 | श्री बालकोट - आर.आर. जे.भि., भक्तपुर | २३६३६६१२.८१ |
| ३ | कागेश्वरी मनोहरा सभाहल | W/NCB/17/2077 - 078 | श्री श्रृजना गौतम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोकर्णेश्वर | ४५२५७२४.१५ |
| ४ | मूलपानी नगर अस्पताल पूर्वाधार | 13/2076-077 | श्री एस.आर. बिल्डर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्ट, भक्तपुर | ६५२२३५७.४२ |
| ५ | नगरपालिकाको प्रशासनिक भवन | W/NCB/44/2076-077 | श्री खड्का - सगुन - सगरमाथा जे.भि.,रुपन्देही | ३८६९७३५२०.०९ |
| ६ | शहिद आदर्श क्याम्पस भवन | W/NCB/02/2077 – 078 | श्री बालकोट - आर.आर. जे.भि., मध्यपुर थिमी | २३६३६६१२.८१ |
| ७ | शहिद आदर्श क्याम्पस भवन | W/NCB/36/2077-078 | श्री डि.ए. जे.भि., कागेश्वरी मनोहरा | २३९५३८४२.०५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>कृषि उत्पादन संकलन केन्द्र वडा ६</td><td>W/NCB/20/ 2078 - 079</td><td>श्री एस.आर. बिल्डर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्ट भक्तपुर</td><td>२३६५९९९.६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
सोझै खरिद : सार्वजनिक खरिद ऐन, ०६३ को दफा ८ (२) मा प्रतिस्पर्धि खरिद सम्वन्धि व्यवस्था छ । यसै गरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ र १० मा लागत अनुमान तयार गर्नु पर्ने र नियम ३१ मा रु २० लाख भन्दा बढि भए बोलपत्र खरिद गर्नुपर्ने र नियम ८५ (१ख) मा पटक पटक गरि खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले चालु तथा पूजिगत तर्फको बजेटबाट देहाय अनुसार सोझौ खरिद गरी भुक्तानी गरेको छ । नियमानुसार नहुने गरी खरिद गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ । सोझौ खरिदको केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>क्र सं.</th><th></th><th>फर्म</th><th>भुक्तानी रकम</th><th>खर्च शिर्षक</th></tr>
<tr><td>१</td><td>१९४।०७८।९।२०</td><td>चन्द्रसुर्य इन्टेरियर डिजाइन एण्ड होम डेकोर</td><td>२९७५००</td><td>चालु</td></tr>
<tr><td>२</td><td>४५७।०७९।१।१२</td><td>आरोन फर्निचर</td><td>४५५८५०</td><td>चालु</td></tr>
<tr><td>३</td><td>१९४।०७८।९।२०</td><td>कपुर होम डेकोर</td><td>३१७०९२</td><td>चालु</td></tr>
<tr><td>४</td><td>४५७।०७९।१।१२</td><td>चन्द्रसूर्य फर्निसिंग</td><td>४२५३२४</td><td>चालु</td></tr>
<tr><td>५</td><td>१९४।०७८।९।२०</td><td>प्रगतिशील स्टिल फर्निचर प्रा.लि.</td><td>२१०१८०</td><td>चालु</td></tr>
<tr><td>६</td><td>४५७।०७९।१।१२</td><td>प्रगतिशील स्टिल फर्निचर प्रा.लि.</td><td>२८८७१५</td><td>चालु</td></tr>
<tr><td>७</td><td>१९४।०७८।९।२०</td><td>प्रगतिशील स्टिल फर्निचर प्रा.लि.</td><td>९९०००</td><td>चालु</td></tr>
<tr><td>८</td><td>४५६/०७९/१/१२</td><td>जुम द फर्निसिंग सेन्टर</td><td>४९५४६७</td><td>चालु</td></tr>
<tr><td>९</td><td>५५०/०७९/२/१२</td><td>अनुभव ट्रेडर्स</td><td>२५६३६४</td><td>चालु</td></tr>
<tr><td>१०</td><td>५५१/०७९/२/१२</td><td>वि.लामा निर्माण सेवा</td><td>४९७१९९</td><td>चालु</td></tr>
<tr><td>११</td><td>५५२/०७९/२/१२</td><td>आरोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>४४५९३३</td><td>चालु</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | ५५४/०७९/२/१२ | देवकोटा निर्माण सेवा प्रा.लि. | २४३६०२ | चालु |
| १३ | ६४८/०७९/३/१५ | सुर्यचन्द्र इन्भेस्टमेन्ट प्रा.लि. | ४६७६७७ | चालु |
| १४ | ७०८/०७९/३/२४ | श्री तेज विनायक मन्दिर समक्षण तथा समाज सुधार समिति/ रिकों निर्माण सेवा प्रा.लि. | ६२२५२७ | चालु |
| १५ | ८४/०७८/६/२४ | मनकामना स्टिल फर्निचर | १८७५८० | पूजिगत |
| १६ | ८९/०७८/६/२४ | माया इन्टरप्राइजेज एण्ड मल्टीप्रपोज प्रा.लि. | ४९५४४८ | पूजिगत |
| १७ | ९१/०७८/६/२४ | कपुर होम डेकोर | १७५००० | पूजिगत |
| १८ | ९८/०७८/६/२५ | सिनर्जी आइटी सोलुसन प्रा.लि. | ४९७७६५ | पूजिगत |
| १९ | ९९/०७८/६/२५ | के.एस मेटल इन्टरप्राइजेज उधोग | ४०८३४१ | पूजिगत |
| २० | ११८/०७८/७/१४ | मेगाटेक ग्रुप प्रा.लि. | ४८९००० | पूजिगत |
| २१ | १३४/०७८/७/२३ | नेपाल मिडिया | २४३३१७ | पूजिगत |
| २२ | १३५/०७८/७/२९ | स्वस्तिक एलिट सप्लायर्स | १११८७० | पूजिगत |
| २३ | २७४/०७८/१०/२४ | गौरीसंकर प्रेसलिंकप्रा.लि. | ४६८९५० | पूजिगत |
| २४ | ३०८/०७८/११/०५ | रोयल कन्सल्टेन्स् प्रा.लि. | १०५६६४ | पूजिगत |
| २५ | ३६२/०७८/१२/२ | डाइनामिंक लिंक | ४२९७०० | पूजिगत |
| २६ | ४६०/०७९/१/१२ | मनकामना स्टिल फर्निचर | २२४०२२ | पूजिगत |
| २७ | ४६१/०७९/१/१२ | श्री प्रभा इन्टरप्राइजेज | ४९७२०० | पूजिगत |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२८</td><td>४७२/०७९/१/१३</td><td>एबिसी फर्निचर एण्ड ट्रेडर्स</td><td>१४९२१६</td><td>पूजिगत</td></tr>
<tr><td>२९</td><td>४९१/०७९/१/१९</td><td>के.एस. मेटल इन्टरप्राइजेज</td><td>४३८३८३</td><td>पूजिगत</td></tr>
<tr><td>३०</td><td>५०६/०७९/१/२६</td><td>न्यु सदिक्षा ट्रेडर्स</td><td>६३२८०</td><td>पूजिगत</td></tr>
<tr><td>३१</td><td>५२९/०७९/२/४</td><td>इश्री सेल्स एण्ड सर्भिसेस प्रा.लि.</td><td>४९५५०५</td><td>पूजिगत</td></tr>
<tr><td>३२</td><td>५३९/०७९/२/६</td><td>ट्रान्स वेल्ड नेपाल प्रा.लि.</td><td>४९७५००</td><td>पूजिगत</td></tr>
<tr><td>३३</td><td>५४८/०७९/२/११</td><td>फुयाल अटोमेसन त्रेदिंग कन्सर्न</td><td>१५५०००</td><td>पूजिगत</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११२५५१७१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
प्रशासनिक भवन : सार्वजनिक खरिद ऐन,२०६३ को परिच्छेद ३ मा बोलपत्र मार्फत खरिद सम्वन्धि व्यवस्था छ । लागत अनुमान रु. ५६,८७,८१,८३१.०० को नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यका लागि रु. ३८,६९,७३,५३०.०० कबोल गर्ने खड्का शगुन सगरमाथा जे.भि. संग २०८०।७।३० सम्म निर्माण सम्पन्न गर्ने गरी २०७७।७।२० मा निर्माण सम्झौता भएको देखियो । आर्थिक वर्ष ०७८।७९ सम्म मुल्य बृद्दी भुक्तानी समेत देहाय अनुसार भुक्तानी भएको विवरणबाट देखिन्छ । सम्झौता अनुसारको कार्य गुणश्तरिय रुपमा निर्धारित समयमा सम्पन्न गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र सं</th><th>विल संख्या</th><th>विल रकम रु.</th></tr>
<tr><td>१</td><td>चौथो</td><td>१९९९८४६९</td></tr>
<tr><td>२</td><td>पाँचौ</td><td>२१९८१६६२</td></tr>
<tr><td>३</td><td>छैठौ</td><td>१९३३५९४४</td></tr>
<tr><td>४</td><td>सातौ</td><td>१८६६२५५२</td></tr>
<tr><td>५</td><td>आठौ</td><td>११६३६४७६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| ६ | नवौ | १४०५७८२९ |
| ७ | दशौ | २५५६२९०६ |
| ८ | एघारौ | २४४०१७२२ |
| | जम्मा | २८७८९९८२४ |

</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**भेरिएशन :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा लागत अनुमान तयार गर्दाका बखत पूर्वानुमान गर्न नसकिने अवस्था सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा अधिकार प्राप्त अधिकारिले स्पष्ट कारण सहित भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार देहायका १७ निर्माण कार्यमा औशतमा १४ प्रतिशतले हुने गरी २७ प्रतिशत ऋणात्मक देखि २५ प्रतिशतसम्मले हुने रु. १,२१,३३,५१७.०० भेरीएशन गरी निर्माण कार्य फरफारक गरेको पाइयो । सवैभन्दा बढी २५ प्रतिशत भेरिएशन भएको सूर्यमण्डली दोवाटो सडकमा सडकको चौडाई बढाई प्लम्व कार्य थप गर्नु परेकोले भेरीएशन गरी कार्य गराएको पालिकाले जनाएको छ । कागेश्वरी मनोहरा सभाहल निर्माण कार्यमा शूरु लागत अनुमान तयार गर्दा २० फिट उचाई कायम गरेकोमा निर्माणको क्रममा सो बरावरको उचाई आवश्यक नदेखिएको साथै लागत अनुमान तयार गर्दा सालको काठको परीमाण अधिक कायम भएकोमा सो कार्य नगरी ठेक्का फरफारक गर्दा २७ प्रतिशत कम मुल्यमानै कार्य सम्पन्न भई ऋणात्मक भेरिएशन गरेको देखियो । यसैगरी सनसिटी क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको लागि आर सि सि रिजर्ववायर ट्याङ्की निर्माण गर्ने कार्यमा बोरिङ्गको लोकेशन ट्याङ्कि नजिकै सारी कार्य गराउदा भल्भ चेम्वरको कार्य गर्नु नपरेका कार्ण १८ प्रतिशत ऋणात्मक भेरिएशन गर्नु परेको फाइलबाट देखिन्छ । योजनागत रुपमा अध्ययन गर्दा कांडाघारी योजनाको एचडिइपि तथा डि आई पाइप विच्छ्याउने तथा जडान गर्ने ठेक्का नं २०।०७६।७७ को कार्यको आइटम नं ३ मा विटुमिनस पेभ्ड सरफेस रोडको परीमाणमा १५४ प्रतिशत सम्म र आइटम नं ११ को १५ एम एम पाइप विच्छयाउने तथा जडान गर्ने कार्यमा १०० प्रतशत सम्म आइटम भेरिएशन भएको देखिन्छ ।यी तथ्यहरुले लागत अनुमान तयार गर्दाका बखत विस्तृत रुपमा साइटको अवस्था तथा लोकेशन सर्वेक्षण गर्न नसकेको कारण निर्माण कार्यमा भेरिएशनको दवाव भएको देखिन्छ । समाय अभावका कारण एलाइन्मेन्ट भन्दा फरक गरी भेरिएशनबाट कार्य गराएको सम्वन्धमा अध्ययन गरी यकिन गर्न सकिएन । योजना डीजाइन गर्दानै निर्माण स्थलको वास्तविक अवस्थाको अध्ययन गरी लागत अनुमान वास्तविक वनाई भेरिएशनबाट धेरै प्रतिशत कार्य थप घट गर्ने पद्दती नियन्त्रण गर्नुपर्ने देखिन्छ । चालु आ ब मा भेरिएशन गरी फरफारक गरेको निर्माण कार्यको विवरण देहाय अनुसार छ ।

| सि.नं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | सम्झौता रकम | भेरियसन पछीको रकम | भेरियसनबाट थप / घट | भेरिएशन प्रतिशत |
|---|---|---|---|---|---|---|---|

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | सुर्यमण्डली दोबाटो सुवेदीगाउँ वासिङ्ग चोकसम्म सडक निर्माण | W/NCB/03/ 2076 - 077 | सुर्यचन्द्र कन्स्ट्रक्सन प्रा.लि. | २१३७२३२७ | २६६८८०७० | ५३१५७४३ | २५ | |
| | | | २ | काँडाघारी खानेपानी आयोजना अन्तर्गत ७ वटा ब्लकमध्ये गान्धी विरेन्द्रचोक फोर्सपार्क सडक खण्डको उत्तरतर्फ रहेको ३ वटा ब्लकमा खानेपानी वितरणको लागि एच.डि.पि. र डि. आई. पाइप बिछ्याउन माटो खन्ने र पुर्ने कार्य | W/NCB/21/2076 - 077 | श्री लोपूर्ण कन्स्ट्रक्सन प्रा.लि. | ६७६०७९१ | ८११०७७१ | १३४९९८० | २० | |
| | | | ३ | आदर्श मा वि एकेडेमी भवन | W/NCB/24/ 2076 - 077 | टाइगर कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | ११६११८७९ | १०६६२६७७ | -९४९२०२ | -८ | |
| | | | ४ | विष्टगाउँदेखि अमरसिंहचोक सम्म सडक निर्माण कार्य | W/NCB/38/ 2076 - 077 | श्री लोपूर्ण कन्स्ट्रक्सन प्रा.लि. | १३३१३१४८ | १४९५४९३९ | १६४१७९१ | १२ | |
| | | | ५ | ओमपुकार टोल ओभरहेड पानी ट्याङ्की वडा कार्यालय फेमिली क्वाटर डोटेल डेरी सडक निर्माण कार्य | W/NCB/40/ 2076 - 077 | श्री शिवशक्ति - सुपरियर - मालिका जे.भि. | ३२१९१२६२ | ३६२०५०६० | ४०१३७९८ | १२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | (संविधान मार्ग) कृष्णकुटी देखी ठूलाढिकसम्म सडकमा रिटेनिङ्ग वाल र साइड ड्रेन सडक निर्माण कार्य | W/NCB/45/2076 – 077 | श्री ओमबुद्ध इन्टरनेश्नल कन्स्ट्रक्सन प्रा.लि., | २०८३४७५५ | २१३५०४४० | ५१५६८४ | २ |
| ७ | मूलपानी सडक निर्माण कार्य | W/NCB/53/2076 – 077 | श्री गौरी गणेश निर्माण सेवा | ३४१३८६१८ | ४०१९८१७७ | ६०५९५५९ | १८ |
| ८ | एयरपोर्ट नगर सडक निर्माण कार्य | W/NCB/56/2076 – 077 | श्री लोपूर्ण कन्स्ट्रक्सन प्रा.लि. | १७०१२७९८ | १७०८४००८ | ७१२१० | ० |
| ९ | मदन आश्रित प्राविधिक शिक्षालयको पूर्व गेटदेखि बागमती कोरिडोरसम्म सडक निर्माण | W/NCB/03/2077 – 078 | श्री स्लेट - बि. एण्ड बि. – त्रिवेणी जे.भि. | २६७४९६११ | २३९३५७७८ | -२८१३८३३ | -११ |
| १० | फिलकचोक सफलमार्ग घर नं. १०७ देखि कल्याण मार्ग घर नं. १०० हुँदै फिकलचोकसम्म सडक निर्माण कार्य | W/NCB/04/2077 - 078 | श्री स्वराज कन्स्ट्रक्सन, मेलम्ची, सिन्धुपाल्चोक | ७६८५८४४ | ६८९६१२८ | -७८९७१६ | -१० |
| ११ | आदर्श माध्यमिक विद्यालयको प्रशासनिक भवन निर्माण, घेराबार (पर्खाल) को पूर्णता, बस ग्यारेज, | W/NCB/10/2077 - 078 | श्री एस.पि.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १०३९९६५७ | ८९३५४११ | -१४६४२४६ | -१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालयको आन्तरिक ढल व्यवस्थापन सम्बन्धी कार्य | | | | | | |
| १२ | पर्ने चिप्लेगौंडा न्याडर सडक खण्डमा गएको पहिरो नियन्त्रण गर्ने कार्य | W/NCB/13/2077 – 078 | श्री कौशिल बस्नेत - न्यू नेशनल जे.भि. | १९०५२२२८ | १९७८३१०९ | ७३०८८० | ४ |
| १३ | विरभद्रकुण्ड - नवतनधाम सडक निर्माण गर्ने कार्य | W/NCB/14/2077 – 078 | श्री डि.एस. निर्माण सेवा | १००२६०५७ | १०४६२५१५ | ४३६४५७ | ४ |
| १४ | किराँतचोक देखि सेलिब्रेसन स्कुलसम्म सडक निर्माण गर्ने कार्य | W/NCB/15/2077 – 078 | श्री डि.एस. निर्माण सेवा | १००२६०५७ | १०४६९९३० | ४४३८७३ | ४ |
| १५ | कागेश्वरी मनोहरा सभाहल निर्माण गर्ने कार्य | W/NCB/17/2077 - 078 | श्री श्रृजना गौतम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६१७३७२८ | ४५२५७२४ | -१६४८००४ | -२७ |
| १६ | वडा नं. ७ अन्तर्गत पर्ने नमुना बस्ती हरहर महादेव सडक निर्माण कार्य र सोही वडा अन्तर्गत पर्ने संगम हातेमालो समाजको संगम मार्ग सडक निर्माण कार्य | W/NCB/18/ 2077 - 078 | श्री लोपूर्ण कन्स्ट्रक्सन प्रा.लि. | ४८४९९१७ | ४७९४८६३ | -५५०५४ | -१ |
| १७ | सनसिटी क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको लागि आर | W/NCB /20/2077 - 078 | श्री एस.एम. बिल्डर्स - सि.के. | ४०१६४७६ | ३२९१०७४ | -७२५४०२ | -१८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सि सि रिजर्ववायर ट्याङ्की निर्माण गर्ने कार्य</td><td></td><td>कन्स्ट्रक्सन जे.भि.</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td></td><td>२५६२१५१५४</td><td>२६८३४८६७१</td><td>१२१३३५१७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
टुक्रे निर्माणकार्य : पालिकाले ठेक्का व्यवस्था तथा उपभोक्ता समिति मार्फत कार्य गरेपनि केहि योजनामा टुक्रे लागत अनुमान तयार गरी फरक किसिमबाट कार्य गराएको पाइयो एकै स्थानमा कार्य गराउदा समेत फरक फरक समयमा टुक्रे कार्य गराई उपभोक्ता समिति र निर्माण व्यवसायी समेतलाई भुक्तानी गरेको पाइयो । एकै प्याकेजमा गर्न सकिने प्रकृतिका कार्य टुक्रा गरी गराएको उपयुक्त देखिन आएन । केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><td>भौ नं</td><td>मिति</td><td>विवरण</td><td>निर्माण व्यवसायी</td><td>भुक्तानी रु.</td></tr>
<tr><td>३७३</td><td>०७८।१२।६</td><td>अस्पताल सभाहलमा सिभिल र इलेक्ट्रिक कार्य</td><td>ग्रिन कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ्ग</td><td>८१२९९८</td></tr>
<tr><td>३७२</td><td>०७८।१२।६</td><td>अस्पताल सभाहलमा फर्निचर र एसि कार्य</td><td>ग्रिन कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ्ग</td><td>५४६५४५</td></tr>
<tr><td>३१९</td><td>०७९।३।५</td><td>मुलपानी नगर अस्पताल निर्माण</td><td>निर्माण समिति</td><td>७२३९२४</td></tr>
<tr><td>६३९</td><td>०७९।३।१४</td><td>मुपालनी अस्पताल आइसोलेशन वार्डमा टाइल निर्माण</td><td>ग्रिन कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ्ग</td><td>४८९१४९</td></tr>
<tr><td>७१६</td><td>०७९।३।२४</td><td>मुलपानी नगर अस्पतालको आकस्मिक कक्ष निर्माण</td><td>ग्रिन कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ्ग</td><td>४९९९३७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३०७२५५३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>गुणस्तर परीक्षण : पालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेका योजनाको भुक्तानी फरफारक गर्दा गुणस्तर परीक्षण गरी प्रतिवेदन प्राप्त गरी भुक्तानी गर्ने गरेको देखियो । अधिकाङ्गस योजनाको गुणस्तर परीक्षण गर्ने परामर्शदाता कम्पनि एउटै रहेको पाइयो । गुणस्तर परीक्षण गरिएका कार्यको टिकाउ तथा दीगोपनाका सम्वन्धमा तथ्याङ्क कायम गरेको देखिएन । गुणस्तर परीक्षणमा ठुलो रकम खर्च भएको देखिएपनि निर्माण कार्यको वास्तविक गुणस्तर, टिकाउपन तथा उपयोगका सम्वन्धमा यकिन हुन सकेन । योजनागत रुपमा गुणस्तर परीक्षण गरी भुक्तानी गरेका केही उदाहारण देहायमा उल्लेख छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ नं | मिति | विवरण | कन्सल्टेन्ट | भुक्तानी रु |
|---|---|---|---|---|
| २० | ०७८।६।१ | रिजालटार पहिरो रोकथाम | सोयल टेक कन्सल्टेन्ट प्रा लि | ५६५० |
| ३१ | ०७८।६।१३ | विष्टगाउँ उत्तर हाइट ढल तथा बाटो | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १३५६० |
| | | नयागाउ मार्ग ढलान कार्य | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १४६९० |
| ५९ | ०७८।६।२० | सोमतिर्थ मार्ग मोटरबाटो निर्माण | सोयल टेक कन्सल्टेन्ट प्रा लि | ५६५० |
| १५५ | ०७८।८।२३ | हाइ आर्ट प्रा लि सडक निर्माण | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १७५१५ |
| १८९ | ०७८।९।१६ | ब्रम्हखेल सुसेको चौर सडक | सोयल टेक कन्सल्टेन्ट प्रा लि | २२६०० |
| २३९ | ०७८।१०।७ | अर्याल नुवाकोट सडक | सोयल टेक कन्सल्टेन्ट प्रा लि | ४९२६८० |
| १४ | ०७८।३।२० | राधानगर मोटरबाटो | मेगाटेष्ट सिभिल ल्याव प्रा लि | १५४७७ |
| २५३ | ०७८।१०।१० | आन्नद भैरव बाटो | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १३५६० |
| २९३ | ०७८।११।१ | मातृभुमी मार्ग | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १७५१५ |
| ३१५ | ०७८।११।१० | माझगाउँ जस्पुर सडक | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १७५१५ |
| ३१७ | ०७८।११।१० | वडा ७ र ८ सिमाना सडक तथा धारो | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १३५६० |
| ६१३ | ०७९।३।४ | राधाकृष्ण मार्ग | सोयल टेक कन्सल्टेन्ट प्रा लि | १७५१५ |
| ६२५ | ०७९।३।७ | पूर्ण विनायक मार्ग | मल्टी ल्याव प्रा लि | १०५३५२० |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **कन्टिन्जेन्सी :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रत्यक्ष संलग्न कार्यमा २ प्रतिशत वर्कचार्जस्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च गर्नेगरी लागत अनुमान तयार गर्ने व्यवस्था छ । नमुनाको आधारमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छनौट गरी परीक्षण गरेको मध्ये कार्यालयले विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा कट्टा गरिराखेको कन्टिन्जेन्सी रकमबाट देहाय अनुसार रु. २९,२६,१४०.०० खर्च गरेको छ ।कन्टिन्जेन्सी कट्टी रकम सम्बन्धित योजनामा मात्र खर्च गर्न सकिनेमा फरक कार्यका सुभरभाइजरका लागि भुक्तानी गरेको , फरक क्षेत्रमा रंग रोगन आदिमा खर्च देखाएको, तालिम लगायतका कार्यमा खर्च गरेको जस्ता कारण नियमावलिको उद्देश्य अनुरुप नहुनेगरी खर्च गरेको नियमित देखिएन । सुविधाका आधारमा भन्दा नियमावलीको आशय अनुरुप कन्टीन्जेन्सी खर्च गर्नुपर्दछ । | |

| भौ नं | मिति | कन्टिन्जेन्सी शिर्षक | कार्य | भुक्तानी रु. |
|---|---|---|---|---|
| ४१ | ०७८।६।१५ | कागेश्वरी धाम सिंडि मर्मत | सुपरभाइजर ज्याल ६ जना | १२८३४० |
| ५८ | ०७८।६।११ | नमुना टोल सडक निर्माण | कृषि नगर प्रहरी महिला खेलकुद आदि शाखामा रंगरोगन | १११२४० |
| ७६ | ०७८।६।२२ | स्थानीय सडक पुल निर्माण | निलवाराही ड्राइभिङ्ग स्कुल ड्राइभिङ्ग तालिम | ६५००० |
| ८४ | ०७८।६।२४ | नगरपालिका भवन निर्माण | सोफा टेवल रिभल्भिङ्ग चेयर | १८७५८० |
| ८० | ०७८।६।२४ | स्थानीय सडक पुल निर्माण | अनलाइन प्लानीङ्ग सफ्टवेयर तालिम | ३३७९८३ |
| १२३ | ०७८।७।१५ | नगरपालिका भवन निर्माण | सिद्दि गणेशश ड्राइभिङ्ग स्कुल ड्राइभिङ्ग तालिम | ५०००० |
| १५९ | ०७८।८।२६ | नगरपालिका भवन निर्माण | डिजिटल सिग्नेचर सर्टिफिकेट | २२८२६० |
| २७४ | ०७८।१०।२४ | नक्सापास पुस्तिका छपाई | गौरिशंकर प्रेश | ४६८९५० |
| ४९ | ०७८।६।१८ | संस्कृतिक सम्पदा पूर्वाधार निर्माण | काग निर्माण उ स | ३७५७६० |
| ६६२ | ०७९।३।१६ | स्थानीय सडक पुल निर्माण | आनन्द भैरव मा वि डेस्क बेन्च खरिद | ५००००० |
| ६६३ | ०७९।३।१६ | देबकोटा मार्ग निर्माण | त्रिपाल खरिद | १८७९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६५८</td><td>०७९।३।१६</td><td>कम्प्यूटर प्रिन्टर खरिद</td><td></td><td>४५४२३७</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२९२६१४०</td></tr>
</table>
पालिकाले फरक खर्च शिर्षक प्रयोग गरी फर्निचर तथा फर्निसिङ्ग लगायतका सामाग्री खरिद गरी खर्च लेखाङ्कन गरेको पाइयो । उदाहारणको रुपमा स्थानीय सडक तथा पुल शिर्षकबाट सामाग्री खरिद गरेको उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>भौ नं</th><th>मिति</th><th>विवरण</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१९४</td><td>२०७८।९।२०</td><td>फर्निचर खरिद ७ नं वडा प्रगतिशिल फर्निचर</td><td>२८८७१५</td></tr>
<tr><td></td><td></td><td>फर्निचर खरिद ७ नं वडा प्रगतिशिल फर्निचर</td><td>२१०१८०</td></tr>
<tr><td></td><td></td><td>आरोन फर्निचर प्रा लि</td><td>४३४०६४</td></tr>
<tr><td></td><td></td><td>कपुर होम डेकोर</td><td>३०१९३७</td></tr>
<tr><td></td><td></td><td>चन्द्र पूर्ण फर्निशिङ्ग</td><td>४०४९९८</td></tr>
<tr><td></td><td></td><td>चन्द्र शूर्य इन्टेरियर डिजाइन</td><td>२८३२८२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१९९४६६१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>योजना व्यवस्थापन : वार्षिक नगरपालिका विकास योजना २०७८।७९ को अध्ययन गर्दा नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । देहाय अनुसार भौतिक पूर्वाधार, गाउँपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी निर्माण योजना र कार्यक्रम स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु.१ लाख भन्दा साना योजना १ वटा, १ देखि २ लाख सम्मका योजना ९१ वटा, २ लाख देखि ५ लाख सम्मका योजना ८९ वटा, ५ देखि १० लाख सम्मका योजना १०२ वटा, १० देखि ५० लाख सम्मका योजना ९१ वटार ५० लाख भन्दा बढीका योजना १८ बट गरी जम्मा ३१० योजना सञ्चालन गरेको देखिन्छ । योजना मध्येपनि २९९ योजना उपभोक्ता समिति मार्फत गराएको छ भने ११ योजना मात्र बोलपत्र मार्फत गराएको पाइयो । निर्माण सम्झौता संख्या धैरै हुंदा कार्यालयको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु परेको देखिन्छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापन आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।<br>
<table>
<tr><td>योजना विवरण</td><td>उपभोक्ता समिति</td><td>बोलपत्र</td></tr>
<tr><td>रु. १ लाख सम्म</td><td>१</td><td>०</td></tr>
<tr><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>९</td><td>०</td></tr>
<tr><td>रु. २ लाख देखि ५ लाखसम्मका</td><td>८९</td><td>०</td></tr>
<tr><td>रु. ५ लाख देखि १० लाखसम्मका</td><td>१०१</td><td>१</td></tr>
<tr><td>रु. १० लाख देखि ५० लाख सम्म</td><td>९०</td><td>१</td></tr>
<tr><td>रु. ५० लाख भन्दा बढी</td><td>९</td><td>९</td></tr>
<tr><td>जम्मा</td><td>२९९</td><td>११</td></tr>
<tr><td>कुल जम्मा</td><td>३१०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा २ प्रतिशत देखि ५४ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धैरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । पालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धैरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन गर्न सक्ने देखिएन। यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| सि.नं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका अन्तर्गतका विद्यालयमा अध्यापनरत शिक्षकहरुको लागि आवश्यक पर्ने ल्यापटप खरिद | G/NCB/ 13/2078 - 079 | श्री मर्कन्टाइल अफिस सिस्टम प्रा.लि., दरबारमार्ग | २२१२६००० | १७६८३३०० | २० |
| २ | सप्लाई एण्ड डेलिभरी अफ ट्यावलेट / प्याड | G/SQ/17/2078-079 | & | ६२७१८६ | ६१५३९८ | २ |
| ३ | काँडाघारी खानेपानी आयोजनाबाट खानेपानी वितरणको लागि आवश्यक पर्ने एच.डि.पि. पाइप र डि.आई. पाइपको लागि आवश्यक पर्ने फिटिङ्गसहरु खरिद गरी निर्माण स्थलसम्म ढुवानी | G/NCB/02/ 2078 - 079 | चन्द्रकिरण ट्रेडिङ्ग कन्सर्न, सामाखुशी | ४०७३५६०३ | १८९३९३७० | ५४ |
| ४ | शहिदपार्क - कुईकेलगाउँ सडक, बाह्रबिसे - सिद्धी गणेश मन्दिर सडक र अड्डापाटी - कागेश्वरी चक्रपथसम्म सडक निर्माण | W/NCB/03/2078-079 | श्री वल्डवाइड - सुसन जे.भि., सामाखुशी | ९९७२९६३४ | ५९२६६१७६ | ४१ |
| ५ | बाघधारा - खत्रीपोखरी सडक, ब्रम्हखेल सुसेको चौर - बाडागाउँ - सिमल्सी सडक र सुवेदीगाउँ नाइके टोल सडक निर्माण | W/NCB/04/2078-079 | श्री साप - कालिका जे.भि., कोटेश्वर | ९७८२९३८६ | ५५०१०४५२ | ४४ |
| ६ | हाउजिङ्ग गेट - गजुरेल डाँडा - नेपाल डाँडा - क्रिकेट ग्राउण्ड हाइट सडक निर्माण | W/NCB/05/2078-079 | श्री गौरी गणेश - महर्जन जे.भि., महांकाल | ७१०९२८८५ | ४३६६०४०४ | ३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | गौरीनाथ मन्दिर - अधिकारीगाउँ - नवदुर्गा मन्दिरसम्म सडक | W/NCB/06/2078-079 | श्री गौरी गणेश - महर्जन जे.भि., महांकाल | ४५८०१४५८ | २७७६६४६५ | ३९ |
| ८ | काँडाघारी खानेपानीको पाइप लाइन विस्तारको लागि पाइप बिछ्याउन खन्ने पुर्ने र कालोपत्रे | W/NCB/14/2078-079 | श्री कबिन्द्र - कृश - गौरी गणेश जे.भि., शान्तिनगर | १७७६६६२९८ | ९०९६५६५३ | ४९ |
| ९ | बस्तेको ढिक कपुरबासे सडक र आस्था पार्टी प्यालेसदेखि मिलनचोक सम्मको सडक निर्माण | W/NCB/15/2078-079 | श्री धर्म एस. निर्माण सेवा प्रा.लि., काभ्रे | ७६६८२६४२ | ४६१७९२१० | ४० |
| १० | आलापोट खानेपानी आयोजनाको लागि आर सि सि रजर्भवायर ट्याकी निर्माण कार्य | W/NCB/19/2078 -079 | श्री पर्वत निर्माण सेवा, पर्वत | १४४१२०१२ | ८९२८३४४ | ३८ |
| ११ | कृषि सामाग्रि संकलन केन्द्र वडा ६ | W/NCB/20/ 2078 -079 | श्री एस.आर. बिल्डर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्ट, भक्तपुर | ३८४०३१४ | २३६६००० | ३८ |
| | जम्मा | | | ६२७७९०२३२ | ३५३०८२०७४ | |

उक्त विवरण अनुसार लागत अनुमानको तुलनामा २० प्रतिशत भन्दा बढी घटेको बोलपत्र स्वीकृत भएको र तोकिएको गुणस्तर र परिमाणमा काम सम्पन्न भएको भनि कार्यालयले स्वीकार समेत गरेको देखिएको छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रदाताले सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्ने तथा स्पष्टीकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न सक्ने ब्यवस्था रहेकोमा सो अनुसार कारबाही अगाडि बढाएको देखिएन । यसरी न्यून कबोल अंक रहेको ठेक्कालाई कार्यालयले सहजै स्वीकार गरेको र लागत अनुमान अनुसारनै गुणस्तर र परीमाणको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | काम सम्पन्न गरेको भनि कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । यसबाट सार्वजनिक निर्माण सम्वन्धि नर्मश तथा लागत अनुमान पुनरावलोकन गर्न सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| २८ | | | **सफ्टवेयर खरिद :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकर्त गराउन पर्ने व्यहोरा रहेको छ । नगरपालिकाले विभिन्न सफ्टवयेर खरिद गरी देहायबमोजिम रु. ९,०७,००३.०० खर्च गरेको मा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्विकृत लिएको देखिएन् । यस्ता सफ्टवेयर स्वीकृत लिई प्रयोग गर्नुपर्दछ । | |
| २९ | | | **औषधि खरिद :** कागेश्वरी मनोहरा नगरपालिकाको आन्तरिक श्रोत तर्फको खर्च शिर्षक २७२१३ मा निशुल्क औषधी वितरण अन्तर्गत रु. २५ लाख वजेट विनियोजन भएकोमा ७० प्रकारका औषधीजन्य सर्जिकल सामानको लागि रु. ३१,६८,०००.०० को लागत अनुमान तयार गरेको देखिन्छ। बोलपत्रको माध्यमद्वारा आह्वान गरेको ठेक्कामा लागत अनुमान भन्दा ८१.०२ प्रतिशत घटी रु. ६,७९,६२२ को बोलपत्र स्वीकृत भएको देखिन्छ । एकै फर्मबाट लागत अनुमान तयार गर्न लिएको दर र फर्मले प्रतिस्पर्धा गर्दा बकोल गरेको दरमा रहेको अस्वभाविक फरकका केही उदाहारण निम्न अनुसार छ । | २,५००,००० |

| क्र.स | सामानको विवरण | लागत अनुमान दर रु | मुक्तिनाथ मेडिको फर्मको दर | सामानको संख्या (वटा) | |
|---|---|---|---|---|---|
| १ | Amylase | ११००० | २ | ५ | |
| २ | HDL reagent 4.25 ml | ३९०० | २ | ५ | |
| ३ | Printer | ३७००० | १ | १ | |
| ४ | Syring 10 ml (100 pic ) 1 box | २६०० | १ | १ | |
| ५ | ASO | ६५०० | १ | ३ | |
| | जम्मा | ६१००० | ७ | सामानको संख्या (वटा) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
